# डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी DHS ले नेपाललाई अस्थायी  सुरक्षाको स्टाटस टीपीएस सुबिधा  प्रदान गरेको छ ।

प्रदान गरेको मिति: जुन २४, २०१५

**WASHINGTON**–होमल्याण्ड सेक्युरिटीका सेक्रेटरि Jeh Johnson ले नेपाललाई १८ महिनाको लागि अस्थायी सुरक्षाको स्टाटस (टिपिएसस) सुबिधा प्रदान गरेको कुराको घोषणा गरेका हुन । यो टिपिएसस  नेपालमा अप्रिल २५, २०१५ का दिन ७.८ को र तत्पश्चातका दिनहरुमा आएको भूकम्प र पराकम्पहरुको कारण भएको क्षतिलाई दृष्टिगत गरी प्रदान गरिएको हो । यसकारण अमेरिका अवस्थित योग्यता पुगेका नेपाली नागरिकले टिपिएसको लागि अमेरिका (सरकार) मा निवेदन दिन सक्नेछन । सिटिजनशिप एन्ड इमिग्रेसन सर्भिस (USCIS) । *फेडरल रजीस्टर को* सूचना ले आज यस बारेको बिस्तृतमा जानकारी दिनुका साथै टिपिएसको लागि निवेदन दिने तरिका प्रकाशित गरेको छ ।

नेपाललाई प्रदान गरिएको टिपिएस आजैको मिति जुन २४, २०१५ बाट लागु हुनेछ र यो डिसेम्बर २४, २०१६ का दिन सम्म कायम रहने छ । यो सुबिधाको मतलव, यस अवधिमा योग्यता पुगेका नेपाली (र जो बिगत मा नेपाल मा बस्दै आएकाहरु) लाई अमेरिका बाट हटाईने छैन र उनिहरुले ईम्प्लाइमेन्ट अथोराईजेशन ( काम गर्न पाउने अधिकार, EAD प्राप्त गर्ने छन्।) । १८० दिनको यो टिपिएसको दर्ता अवधि जुन २४, २०१५ बाट शुरु भएर डिसेम्बर २१, २०१५ सम्म कायम हुने छ ।

टिपिएसमा योग्य हुनको लागि उनिहरु, जुन २४, २०१५ देखि अबिच्छिन्न रुपमा र स-शरिर अमेरिकामा बस्दै आएको प्रमाणको अतिरिक्त अन्य सम्पूर्ण योग्यताका सर्तहरु पूरा गरेको हुनुपर्दछ।  निवेदकहरुको सुरक्षा जाँच पनि हुनेछ । आपराधिक रेकर्ड भएका वा राष्ट्रिय सुरक्षामा आँच पु-याउन सक्ने व्यक्तिहरु टिपिएसको लागि योग्य हुने छैनन् । टीपीएस संबन्धी योग्यता र सर्तको बारेमा यहाँ ब्याख्या गरिएको छ । :*फेडरल रजिस्टर* सूचना र टीपीएस संबन्धी वेबसाइट www.uscis.gov/tps. ।

निवेदकले USCISमा टिपिएस को लागि आवश्यक पर्ने शुल्क सबै वा केहि असमर्थता को कारण देखाई मिनाहाको लागि १-९१२ फर्म Form I-912, , भरेर अनुरोध गर्न सक्ने छन् वा लिखितरुपमा अनुरोध गर्न सक्ने छन् । शुल्क सहुलियतका लागि लागि अनुरोध गर्दा त्यस संग

सम्बन्धित कागज पनि पेश गर्नु पर्नेछ । USCIS ले आवश्यक पर्ने रकम वा रकम मिनाहाको लागिको नियम पूर्वक गरिएको अनुरोध कागज नभएको कुनै पनि निवेदनलाई ईन्कार गर्नेछ । USCIS का सबै फर्महरु नि:शुल्क प्राप्य छन् । निवेदकहरुले यस्ता फर्महरु USCIS का निम्न वेभसाईट बाट डाउनलोड गर्न सक्ने छन्: www.uscis.gov/forms अथवा पैसा नकाटिने यो फोन 1-800-870-3676 मा संपर्क गरी मगाउन सक्ने छन ।

आवेदक ले आफ्नो निबेदनको अवस्थाको बारेमा जानकारी चाहेमा हरेक निबेदनको अवस्था बुझ्न माइ केस स्टाटस अनलाईन बाट अथवा यो पैसा नलाग्ने फोन् 1-800-375-5283 वा सुन्न कठिनाइ हुनेका लागि 1-800-767-1833 मा संपर्क गरि जानकारि प्राप्त गर्न् सक्नु हुने छ ।

USCIS र यस्का कार्यक्रमहरुको बारेमा थप जानकारी चाहिएमा कृपया www.uscis.gov वेभसाइट हेर्नुहोला । अथवा हाम्रो ट्विटरमा @uscis, युट्युब(USCIS ), फेसबुक्(uscis ), र USCIS को ब्लग *The Beacon* हेर्नु होला ।